# सेना समायोजनबारे माओवादी अवधारणा

## वर्षमान पुन 'अनन्त'

हामी सेनालाई राज्यको मेरूदण्डको रूपमा हेर्ने गर्दछौं ।[1] त्यसको अर्थ सेना भनेको युद्ध गर्ने साधन मात्रै होइन । युद्ध गर्ने उसको अन्तिम उद्देश्य हुन सक्छ । तर त्यसभन्दा अगाडि उसका धेरै उद्देश्यहरू हुन्छन् । त्यसरी हेर्दा सेना राज्यको मेरूदण्ड हो । त्यसरी राज्यले, राजनीतिक नेतृत्वले, नागरिक समाजले, मिडियाले या स्वयं सेनाले आफूलाई हेर्छ कि हेर्दैन भन्ने प्रश्न पहिले हल हुनुपर्छ भन्ने लाग्छ ।

हामीले अब बनाउने सेना नयाँ राज्यसत्ताको मेरूदण्ड हुन्छ । त्यसैले स्वाभाविक रूपले राज्यको स्वरूप कस्तो छ, राज्यको राजनीतिक विशेषता कस्तो छ, त्यसको आर्थिक विशेषता कस्तो छ, त्यसको सामाजिक विशेषता कस्तो छ, त्यसका अन्य विशेषता के छन्, त्यसका आधारमा सेनाको संरचना बन्छ । यसरी हेर्दा नयाँ राष्ट्रिय सेना भनेको लोकतान्त्रिक गणतान्त्रिक राज्यको मेरूदण्ड हुन्छ ।

सेना भनेको समय सापेक्षिक, सामाजिक तथा आर्थिक विकास सापेक्षिक, त्यहाँको राजनीतिक विचारधारा वा सत्ताको सापेक्ष हुन्छ, त्योभन्दा निरपेक्ष हुनै

---

[1] यो लेख माओवादी सेनाका इञ्चार्ज एवं सेना समायोजन तथा पुनःस्थापना विशेष समितिका सदस्य पुनले मार्टिन चौतारीद्वारा आयोजित छलफल कार्यक्रममा व्यक्त गरेको विचारमा आधारित छ ।

सक्दैन । अहिले हामी सामन्ती आर्थिक सम्बन्ध, आर्थिक उत्पादन प्रणाली या सामन्ती समाज, सामन्ती राज्यसत्ता या सामन्ती राजनीतिक संरचनालाई मेरुदण्डको काम गर्ने सेनाबारे कुरो गर्दैछैनौं । हामी न त समाजवादी राज्यसत्ता, त्यसलाई आर्थिक सत्ता, सांस्कृतिक सत्तालाई मेरुदण्ड बन्ने खालको सेनाको पनि कुरो गर्दैछौं । हामी अहिले नयाँ सेना, राष्ट्रिय सेनाको कुरो गर्दैछौं त्यो सेना भनेको लोकतान्त्रिक गणतन्त्रलाई समर्थन गर्ने, त्यसको मेरुदण्डको काम गर्ने र लोकतान्त्रिक गणतन्त्रका आर्थिक उद्देश्यहरूलाई संरक्षण गर्ने खालको हुन्छ । त्यसका सामाजिक, शैक्षिक, परराष्ट्र र त्यसका अन्य उद्देश्यहरूलाई पूरा गर्ने अथवा त्यसलाई सहयोग गर्ने खालको सेनाको अवधारणाको कुरो गर्दैछौं । यसलाई समग्रमा हामी सुरक्षा अवधारणा भनौंला । सुरक्षा अवधारणबारे स्पष्ट भएपछि त्यसअनुसारका संगठनहरू जरूरी हुन्छन् ।

## कस्तो सेना ?

संघीय लोकतान्त्रिक गणतन्त्रको राज्यसत्ता समर्थन गर्ने, सहयोग गर्ने नयाँ राष्ट्रिय सेना बनाउँदा हामीसँग अहिलेको राष्ट्रिय सेना छ, त्यसले के मापदण्ड पूरा गर्नुपर्ला भन्ने सवाल उठ्छ । तर पहिलो कुराभन्दा अन्तरिम संविधान, २०६३ ले के भनेको छ भने यसको संख्या उपयुक्त छैन, त्यसैले उपयुक्त संख्यामा ल्याउनु पर्छ । त्यो कति, के भन्ने छलफलको विषय हो ।

दोस्रो कुरा, सेनालाई लोकतान्त्रिक बनाउने अर्को एजेण्डा छ । नेपाली सेनाको लोकतान्त्रीकरण हुनुपर्छ भनेको छ, अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताले ।

तेस्रो कुरा, सेनालाई समावेशी र राष्ट्रिय चरित्रको बनाउनुपर्छ भनेर संविधानले स्वीकारेको छ । त्यसो भनेको के हो भने अहिलेसम्म यसको चरित्र समावेशी छैन । यसको राष्ट्रिय चरित्र छैन । यो सीमित वर्ग र सीमित क्षेत्रमा आधारित छ भन्ने हो । त्यसमा सुधार गर्नुपर्छ ।

चौथो कुरा, सेनाका मानवअधिकारका रेकर्डहरू ठीक छैनन्, मानवअधिकार शिक्षा जरूरी छ ।

यी चारओटा कुरा पूरा हुँदा राष्ट्रिय सेनाको निर्माण हुनसक्छ । यी चार कुरा पूरा गर्ने भनेर अन्तरिम संविधान, २०६३ मा व्यवस्था गरिएको छ । त्यसो गर्न तत्कालीन आठ राजनीतिक दलहरू पनि सहमत भएका थिए । र, यसलाई नागरिक समाज र नेपाली जनताले पनि आधारभूत रूपमा स्वीकार गरेको मापदण्ड हो ।

राष्ट्रिय सेना निर्माणमा जनमुक्ति सेनाको भूमिका के हुनसक्छ भन्ने अर्को प्रश्न आउँछ । शान्ति सम्झौता भए यता तत्काल यसको 'रेखदेख' को कुरा छ । दोस्रो चरणमा 'समायोजन' सुरु हुन्छ । समायोजन हुन नसकेकालाई 'पुनःस्थापना' गर्ने कुरा आउँछ । समाजमा वा अरू कुनै रूपले पुनःस्थापनको काम होला ।

सामान्य मापदण्ड पूरा भएको जनमुक्ति सेनालाई प्रस्तावित राष्ट्रिय सेनामा समायोजन गरिनेछ । त्यसबारे हामीमा अस्पष्टता छैन । विस्तृत शान्ति सम्झौताको चार नम्बर बुँदामा नेपाली सेना र जनमुक्ति सेना दुवैबारे व्यवस्था गरिएको छ । अन्तरिम संविधान, २०६३ को धारा १४४ र १४५ मा नेपाली सेनाबारे अनि धारा १४६ र १४७ मा चाहिं जनमुक्ति सेनाबारे उल्लेख गरिएको छ । त्यो राजनीतिक स्तरमा भएको निकै लामो छलफलपछि निकालिएको निष्कर्ष हो । यसले दुई सेनालाई बराबरी मान्यता दिएको छ ।

भविष्यमा दुइटै सेना समायोजनको प्रक्रियामा जाने हो । दुवै सैन्य शक्ति संविधानसभालाई असर पार्न सक्ने शक्ति हुन्, त्यसैले संविधानसभासम्म दुवैको हतियार निश्चित मात्रामा 'लक' रहन्छ । ब्यारेक भित्र युएनको अनुगमनमा रहन्छ । धेरै राजनीतिक सहमतिहरू छन्, संवैधानिक व्यवस्थाहरू छन्, कानुनी व्यवस्थाहरू छन्, जसले नेपाली सेना र जनमुक्ति सेना भोलि एक ठाउँमा आउने कुराको सुनिश्चित गरेका छन् । त्यसका लागि आधारभूत मापदण्डहरू पूरा गर्नुपर्छ भनेर हामीले स्वीकारेको कुरा हो । यसकै आधारमा रहेर नयाँ राष्ट्रिय सेना निर्माण गरिन्छ । यो एउटा पाटो हो ।

## समायोजन कसरी ?

राज्यले सुरक्षा नीति बनाइसकेपछि त्यो अनुसारको संरचनाकै सिलसिलामा समग्र समायोजन हुन्छ । तर नेपाली सेना र जनमुक्ति सेनाबीच समायोजन कसरी हुन्छ त ? नेपाली सेनाको संख्या अहिलेकै रहने, उसको लोकतान्त्रिक, उसको मानवअधिकारका कुराहरू, समावेशी र राष्ट्रिय चरित्र पूरा नगर्दा ऊ राष्ट्रिय सेनाको लागि योग्य हुँदैन । जनमुक्ति सेनाले पनि सामान्य मानक र मान्यता पूरा गर्नुपर्छ भनेको छ । त्यसपछि मात्रै राष्ट्रिय सेनामा जान्छ भनेर प्रस्ट छ । यो काम गर्नका निम्ति राजनीतिक दलहरू सम्मिलित विशेष कमिटी गठन गरिएको हो । अहिले जनमुक्ति सेना त्यसको मातहत छ । राष्ट्रिय सेनामा जाने सामान्य मानक र मान्यता भनेको के हो, त्यो कुरो पनि विशेष समितिले तय गर्छ ।

अर्कोतर्फ नेपाली सेनाको पनि, हामीले जस्तै चारओटा प्रक्रियाहरूलाई अगाडि बढाइन्छ र एउटा बिन्दुमा गएर समायोजन हुन्छ । त्यसरी बन्ने सेना

भनेको जनमुक्ति सेना पनि होइन, नेपाली सेना पनि होइन, त्यो राष्ट्रिय सेना बन्छ । र अहिलेको लोकतान्त्रिक गणतन्त्रको राजनीतिक उद्देश्य, आर्थिक उद्देश्य र त्यसका सामाजिक सम्बन्धहरू, त्यसको अन्तराष्ट्रिय सम्बन्ध र नीतिहरूलाई पूरा गर्ने खालको नयाँ सेना हुन्छ । नयाँ राज्यको मेरुदण्ड नयाँ सेना हुन्छ । यो हाम्रो बुझाइ, यो संविधानले स्वीकारेको र सात दलले स्वीकारेको र बृहत् शान्ति सम्झौतामा स्वीकारिएको विषय हो ।

सेना समायोजनको कुरामा हामीसँग थुप्रै अन्तर्राष्ट्रिय अनुभवहरू छन् । विश्वका धेरै 'मोडालिटी' हरू छन् । जहाँ विद्रोही सेनाले जित्यो, जस्तो अमेरिकामा जर्ज वासिङ्टनको सेनाले जित्यो, त्यही राष्ट्रिय सेना भयो । लेनिनको सेनाले रूसमा जित्यो, त्यही राष्ट्रिय सेना भयो । हारेको त सिद्धिहाल्यो । केहीलाई त्यहाँ राखियो होला नयाँ रूपमा । अहिले पनि इराक र अफगानिस्तानमा हेर्ने हो भने हिजोको सेना सिद्धियो र नयाँ राष्ट्रिय सेना पुनःगठन गरियो । त्यो त आम नियम हो, कि त आक्रमण गर्नेले जित्छ र नयाँ बनाउँछ कि विद्रोहीले जितेर नयाँ बनाउँछ ।

समायोजनको कुरा गर्दा हाम्रा आफ्ना विशेषताहरू हेर्न जरूरी छ । हाम्रा आफ्ना दुइटा विशेषता छन् । एउटा, द्वन्द्वपश्चात्को देश हो नेपाल । दोस्रो कुरा के छ भने, हामी संक्रमणकालीन राज्यको अवस्थामा पनि छौं । राजनीतिक रूपले सामन्ती एकात्मक राज्यसत्ता अन्त्य गरेर हामी पूँजीवादी राज्यसत्तातिर अथवा लोकतान्त्रिक गणतान्त्रिक राज्यतिर गइराखेका छौं । द्वन्द्वग्रस्त र द्वन्द्वपछिको राज्यको मोडालिटी एउटा छ, अर्को संक्रमणकालीन राज्यको मोडालिटी छ । दुइटै एकैसाथ छ । संक्रमणकालीन राज्यका साथै द्वन्द्वपश्चात्को राज्यको स्थिति भएको हुनाले यसको समाधान एकै साथ गर्दा द्वन्द्वपछि गरिने मोडालिटीहरू हामीलाई सुहाउँदो हुन सक्छ ।

कतिपयले 'डीडीआर' (निःशस्त्रीकरण, अपरिचालन र पुनःसमायोजन) को कुरा गरेका छन् जुन हामीसँग मेलै नखाने सूत्र हो । संयुक्त राष्ट्र संघको शान्ति सेनाको नेतृत्वमा भएका शान्ति स्थापनाका कार्यमा उक्त सूत्र बढी प्रयोग भएको छ । अर्कातिर, त्यही राज्यव्यवस्था त्यही सामाजिक, आर्थिक अवस्थामै राखेर गरिने कुरोहरू । जातीय द्वन्द्व हुन्छ त्यो हल गऱ्यो केहीलाई राखिदियो अथवा केहीलाई पैसा दिएर पठाइदियो त्यो हल भयो । एउटा क्षेत्रीय कुरा उठाएको हुन्छ । त्यो समाधान गर्दियो त्यही राजनीतिक व्यवस्थाभित्र लडाकुहरूलाई हल गर्दियो, सकिइ हाल्यो । यस्तै कुनै चिजहरू हामी देख्छौं अथवा सीमित प्रकारको द्वन्द्व देख्छौं । हाम्रो चाहिं राजनीतिक सत्ता भिन्न छ : सामाजिक अवस्था र आर्थिक अवस्था नै

परिवर्तन भएको छ । र, राज्यलाई पनि नयाँ बनाउने साथसाथै द्वन्द्वलाई पनि हल गर्ने, हामी एकैसाथ दुइटा काम गरिरहेका छौं । त्यसैले मलाई लाग्छ कि यो अवस्थाबाट हेर्दा हाम्रो द्वन्द्वको समाधान र राज्यको रूपान्तरण साथसाथै भइराखेको छ । राज्यको रूपान्तरण गरेर द्वन्द्वको समाधान हुन्छ । राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक विविध खालको क्षेत्रमा राज्यका नीतिहरू पुनःसंरचना गर्ने बित्तिकै सुरक्षा क्षेत्रमा पनि सुधार गर्नुपर्ने हुन्छ ।

यसरी हेर्दा हामी राज्यको पुनःसंरचना सँगसँगै सुरक्षा क्षेत्रको पुनःसंरचना पनि गर्दैछौं । हिजो जुन वर्ग राजनीतिक सत्तामा थियो । त्यो वर्ग त्यही रूपमा अब रहँदैन । हिजो हाम्रो जुन आर्थिक आधार थियो त्यो आधार रहँदैन । हिजोको हाम्रो परराष्ट्र नीति थियो त्यही रूपले रहँदैन । त्यसै गरी सैन्य अथवा सुरक्षा क्षेत्र पनि यही रूपमा रहँदैन । यसरी पुनःसंरचनाका आधारहरू तय गरिसकेपछि हामीलाई सेना समायोजन गर्न गाह्रो हुन्न ।

हामीले द्वन्द्वको समाधान जसरी आफ्नै मोडालिटीमा गऱ्यौं, सेना समायोजन पनि आफ्नै विशेषतामा गर्छौं भन्ने लाग्छ । अहिलेको द्वन्द्व किन भयो भन्दा राजनीतिक कारणले भएको हो । त्यो द्वन्द्वका अरू विशेषताहरू भनेका वर्गीय अन्तरविरोध अथवा समस्याहरू हुन् । अनि यहाँ जातीय, लैंगिक र क्षेत्रीय विभेदका समस्याहरू पनि छन् । यी कारणलाई सम्बोधन गर्दै नयाँ राज्य बनाउने बित्तिकै मलाई लाग्छ कि सुरक्षा क्षेत्रलाई पनि त्यही आधारमा पुनःसंरचना र समावेशी गर्दा धेरै समस्याहरू सुल्झन्छन् । तर राज्यकै पुनःसंरचना गर्न सकिँदैन भने सेनाको पुनःसंरचना पनि सम्भव छैन ।

सेनालाई मात्र पुनःसंरचना र समायोजन गर्ने अनि यता सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा चाहिं पुनःसंरचना र समायोजन नहुने हो भने यो प्रक्रिया पूरा हुँदैन । किनभने राज्यसत्तामा जुन वर्ग, क्षेत्र र समुदायको पहुँच छ, सेना र कर्मचारी तन्त्रमा पनि उसैको पहुँच छ । त्यसैले राज्यको पुनःसंरचनासँगै सेनाको पुनःसंरचना र नयाँ सेना निर्माणको प्रक्रिया पूरा हुन्छ । समायोजनको प्रक्रिया पनि त्यतिखेर पूरा हुन्छ । यो सैद्धान्तिक पक्ष भयो ।

सेनाको पुनःसंरचना यसरी गर्दा समस्याहरू के होलान् भन्ने कुरा उठ्ने गर्छ । निश्चय पनि यसको 'साइड इफेक्ट' पनि हुन्छ, तर त्यसभन्दा बढी चाहिं सकारात्मक पाटो नै रहन्छ । अहिले धेरै तर्कहरू आइरहेका छन्– विचारधाराबाट निर्देशित सेना कसरी हुन्छ ? त्यहाँ भोलि विद्रोह हुन्छ, असन्तोष हुन्छ, खास पार्टीको लागि काम गर्ने सम्भावना हुन्छ । तर त्यस्तो हुँदैन । किनभने जनमुक्ति सेना पनि राष्ट्रिय सेनामा तब मात्र जाने हो, जब उसको विशुद्ध व्यवसायीकरण

भई सक्छ । उसको राजनीतिक सम्बद्धता रहँदैन भनेर त हामीले सहमति गरिसकेका छौं । ठीक त्यसै गरी नेपाली सेनाको राजनीतिक बफादारिता जुन एउटा खास व्यक्ति वा संस्थाप्रति थियो, त्यो पनि सिद्धिसक्यो । अब सेना जनताबाट निर्वाचित संस्थाको मातहतमा आउने कानुनी व्यवस्था भइसक्यो । यसको एउटा प्रक्रिया सुरु भइसकेको छ, त्यो पूरा हुनेबित्तिकै न नेपाली सेनाले २०१७ सालमा वा माघ १९ मा जस्तै राजनीतिक नेतृत्वविरुद्ध 'कू' गर्ने अवस्था आउँछ, न जनमुक्ति सेनाले हिजोको जस्तै माओवादीको नेतृत्व वा निर्देशनमा काम गर्छ । ऊ नयाँ कमाण्डमा जान्छ ।

समायोजनपछि सामान्य रूपले दुइटा सेनालाई आ–आफ्ना विचारधारासहित आ–आफनै सम्बद्धताकै आधारमा राख्ने भनेको होइन । नयाँ बनाउने भनेको हो । यो नयाँ रूपले नै अगाडि जान्छ । दोस्रो कुरा, त्यसमा निश्चित किसिमको लोकतान्त्रिक स्वतन्त्रता चाहिं हुन्छ । मेरो बढुवा आदि किन भएन वा के–कस्तो कमजोरी भयो, अर्कालाई चाहिं किन बढुवा गरियो, यस्ता विषयमा जानकारी लिने अधिकार वा संगठनात्मक अनुशासनभित्र आफ्ना कुराहरू राख्ने अधिकार दिइनेछ । कमाण्डरले गल्ती गर्दा त्यसको समीक्षा वा टिप्पणी गर्ने, आफ्ना कुरा राख्ने व्यवस्था पनि हुन्छ । त्यसो गरिएन भने भोलिको सेना कसरी लोकतान्त्रिक हुन सक्छ ? तर त्यो सेनाका न्यूनतम् अनुशासनअन्तर्गत हुन्छ ।

हिजोको सेना समावेशी थिएन । खास वर्ग र खास समुदायको बाहुल्य थियो, अरू चाहिं त्यहाँ उपेक्षित थिए । त्यसले गर्दा त्यो खाडल पुर्न निश्चित समयसम्म आधारभूत मापदण्डमा सम्झौता नगरीकन किनारामा परेका समुदायले प्रवेश पाउने सजिला उपायहरू लागु गर्न जरुरी छ । अनि मात्र राष्ट्रिय सेना समावेशी हुनेछ । हामी जसरी राज्यलाई सबै जनताको बनाउन खोज्दैछौं, सेनालाई पनि सबै जनताले सहयोग गर्दा मात्रै भोलि राष्ट्रको सुरक्षा हुन सक्छ । सेनामा एउटा खास वर्गको मात्र वर्चस्व हुने हो भने कसरी सुरक्षा हुन सक्छ ? सेना हामी सबै जनताको हो, यसले सबै समुदायको नेतृत्व गर्छ भन्ने अनुभूति गराउन समावेशीकरण जरुरी छ ।

अर्को कुरा, राष्ट्रिय सेनाले देशको आधारभूत राजनीति र नीतिहरू बुझ्न जरुरी छ । त्यसको अर्थ माओवादी, एमाले, काँग्रेसको सदस्यता लिएर झण्डा बोकेर हिंड्नुपर्छ भनेको होइन । आधारभूत राजनीति, राज्यका आर्थिक, सामाजिक, वैदेशिक नीति र लक्ष्य बुझेको सेनाले मात्रै राष्ट्रिय सुरक्षा बहन गर्नसक्छ । त्यस प्रकारको सेना लोकतान्त्रिक, समावेशी र नयाँ हुनेछ भन्ने हाम्रो स्पष्ट अवधारणा हो ।